


# थाइ सुन्दरी ओपल ७२औं मिस वर्ल्ड

वर्ष २०२५ को *विश्व सुन्दरी*को ताज थाइल्याण्डले चुमेको छ।

थाइ सुन्दरी ओपल सुचाता चुआंगश्रीले *७२औं मिस वर्ल्ड*को उपाधि चुमेकी छन्। शनिवार भारतको तेलांगानास्थित हैदराबादमा सम्पन्न *मिस वर्ल्ड*को ग्राण्ड फिनालेमा २१ वर्षीया उनले सो उपाधि चुमेकी हुन्। अन्तर्राष्ट्रिय सम्बन्धकी विद्यार्थी र मानवशास्त्रमा रुचि राख्ने ओपल क्यान्सर रोग विरुद्धकी अभियान्ता समेत हुन्।

नेपालसहित १ सय ८ मुलुकका सुन्दरीले प्रतिस्पर्धा गरेको प्रतियोगितामा ओपललाई अघिल्लो संस्करणकी विजेता क्रिस्टिना पिस्ज्कोभाले ताज पहिन्याएकी थिइन्। राजदूत बन्न चाहना राख्ने उनी चार वर्षदेखि मोडलिङको क्षेत्रमा सक्रिय छन्। *मिस रत्नकोसिन* नामक प्रतियोगितामा भाग लिएर ब्युटि प्याजेन्टमा स्पर्धा गर्न शुरू गरेकी उनले सो समयमा उपाधि त जितिनन् तर धेरैको नजरमा पर्न सफल भइन्।

सन् २०२२ मा *मिस युनिभर्स थाइल्याण्ड*मा भाग लिएर तेस्रो भएकी उनी दोस्रो उपविजेताले राजीनामा दिएपछि दोस्रो विजेता बनिन्। सन् २०२४ मा *मिस युनिभर्स थाइल्याण्ड*मा भाग लिएकी उनीले सो ताज आफ्नो पोल्टामा पार्दै लगभग १ सय २५ देशका प्रतिस्पर्धीका साथ *मिस युनिभर्स*मा थाइल्याण्डको प्रतिनिधित्व गरेकी थिइन्। *मिस युनिभर्स*मा भने उनी तेस्रो रनर-अप भएकी थिइन्। मिस वर्ल्डको ताज जितेपछि उनलाई १० लाख अमेरिकी डलर पुरस्कार दिइएको छ।

समारोहमा इथियोपियाका प्रतियोगी दोस्रो र पोल्याण्ड र मार्टिनिकका ले तेस्रो र चौंथो उप विजेता भएका थिए। नेपालकी सृच्छा प्रधान भने प्रतियोगितामा अन्तिम ४० मा समेत परिनन्।

# फेसन र संगीत क्षेत्रलाई अवार्ड




स्टार वान इन्टर टेनमेन्ट प्रालिको आयोजनामा फेसन, मोडलिङ र संगीतका विभिन्न २७ विधामा राजधानीमा *पाँचौ नेपाल म्युजिक एन्ड फेसन अवार्ड* सम्पन्न गरिएको छ।

पूर्व प्रधानमन्त्री माधवकुमार नेपालको प्रमुख आतिथ्यतामा सम्पन्न समारोहमा ख्यातिप्राप्त गायिका मिरा राणालाई *लाइफ टाइम एचिभमेन्ट अवार्ड*बाट सम्मानित गर्ने घोषणा गरिए पनि उनी पतिको स्वास्थ्य समस्याका कारण कार्यक्रममा सहभागी हुन सकिनन्। कार्यक्रममा संगीतकार दीपक शर्मालाई *दशकको संगीत सम्मान*, फोटो पत्रकार कुबेर डंगोललाई *फोटो पत्रकार सम्मान*, बद्री थापालाई *फोटो पत्रकार अफ द इयर*, फिल्म निर्माता रौनकविक्रम कँडेललाई *फिल्मकर्मी सम्मान*, बाट, डेविड शंकरलाई *गायन सम्मान*, प्रदीपकुमार रसाइलीलाई *नृत्य सम्मान* तथा नवराज पाण्डे र कपुर साउदलाई *युवा उद्यमी सम्मान*बाट सम्मानित गरियो।

सञ्चारकर्मी विष्णु सुवेदीद्वारा सञ्चालित कार्यक्रममा फेसन र मोडलिङ क्षेत्रतर्फ पटुकी फेसनकी सञ्जिता बराललाई *फेसन डिजाइनर अफ द इयर*, काजल क्रियसनकी काजल शर्मालाई *फेसन डिजाइन जुरी अवार्ड*, दिक्पाल कार्कीलाई *वर्षको फेसन मोडल*, अश्विनीकान्त झालाई *वर्षको फेसन कोरियोग्राफर*, निशुकान्त झालाई *वर्षको बेस्ट पेजेन्ट डाइरेक्टर*, टेकराज पाण्डेलाई *वर्षको फेसन मेकअप आर्टिस्ट*, सम्राटप्रसाद शाहलाई *वर्षको इभेन्ट म्यानेजर* र सन्दीप भुजेललाई *वर्षको पेजेन्ट डान्स कोरियोग्राफर*को अवार्ड प्रदान गरियो।

बालकृष्ण पोखरेलको निर्देशन र सरिता भारतीको संयोजनमा सम्पन्न कार्यक्रममा संगीत १९ विधामा अवार्ड प्रदान गरियो। *आधुनिक संगीत*तर्फ ओम सुनारलाई *उत्कृष्ट गायक*, स्वाती भट्टलाई *गायिका*, हंसराज जोशीलाई *गीतकार*, दिलीप ओखेडा र मल्लिका राजोपाध्यायलाई *म्युजिक भिडियो मोडल*, शिला गजुरेललाई *जुरी अवार्ड*, मनीषा श्रेष्ठ (कमला) लाई *म्युजिक भिडियो मेकअप* र केशव कोइरालालाई *स्टेज कोरियोग्राफी*, शान्ति कुमारी शाहीलाई *लोक गायिका* र आयुमी तामाङलाई *लोक गायन जुरी अवार्ड*, *लोक दोहोरी विधा*मा डब्बु क्षेत्रीलाई *गीत रचना*, चन्द्र शर्मालाई *गायक*, नम्रता खरेल *गायिका*, पल शाह र जुना कार्कीलाई *मोडल* र रबिता मगर *म्युजिक भिडियो कोरियोग्राफर*, *फिल्म संगीत*तर्फ विकास विष्टलाई *गीतकार* र हर्कुलस बस्नेतलाई *संगीतकार*, *भाषाभाषी संगीत*तर्फ राजकुमार मानन्धरलाई *नेपाल भाषामा गायन* र सुरजवीर बज्राचार्यलाई *नेपाल भाषाको गीत रचना*को अवार्ड दिइयो।

कार्यक्रममा गायक डेविड शंकर, ओम सुनार र रमेश पाठकले गीत संगीत प्रस्तुत गरेका थिए।

Gandaki Province Government

Ministry of Physical Infrastructure Development & Transport Management

**Infrastructure Development Directorate**

**Infrastructure Development Office**

Syangja

**SECOND NOTICE OF INTENT OF ACCEPTANCE**

**Date of Publication: 2082-02-20 (2025-06-03)**

As the Lowest Evaluated Substantially Responsive Bidder has provided information in accordance with ITB 4.10 regarding exceeding the maximum number of contracts, their bid has been rejected in line with ITB 39.4. In accordance with the provisions outlined in sub clauses 27.2 and 27.3 of the Public Procurement Act 2063, this notice is to inform all bidders who submitted bids for the following contract that the following Second Lowest Evaluated Substantially Responsive Bidder is intended to award the contract.

| S. N. | Name of the Project | Contract ID | Lowest Evaluated Substantially Responsive Bidder | Bid Amount (Including VAT & PS) (Nrs.) | Remarks |
|---|---|---|---|---|---|
| 1. | Kinare Bhanjyang Disingkot Lamdi Dovan Hudai Darsing Sadak Staronnati, Chapakot 3 | IDOSYANGJA/NCB/W/R/95/081/82 | M/S B.P. Construction, Chapakot-05, Syangja | 35,283,778.46 | |

**Office Chief**

## द ब्ल्यु लाइटमा अर्पण

केही अघि थिम पोस्टर सार्वजनिक गर्दै निर्माण घोषणा गरिएको फिल्म *द ब्ल्यु लाइट*को प्रमुख भूमिकामा अर्पण थापा अनुबन्धित भएका छन्।



फिल्म बलिराम चौहानले निर्देशन गर्नेछन्। चौहान निर्माणाधीन फिल्म *बलिदान*को लेखक तथा मुख्य सहायक निर्देशक हुन्। *द ब्ल्यु लाइट* उनको डेब्यु निर्देशनको फिल्म हुनेछ। साइकोलजिकल थ्रीलर जनरामा निर्माण हुने फिल्मको शीर्षमध्येको एक भूमिकामा थापालाई औपचारिक रूपमा अनुबन्धित गरिएको निर्माण टिमले जनाएको छ। फिल्मको सार्वजनिक थिम पोस्टरमा निलो रङले घेरिएको वातावरणबीच एक बालिका उभिएकी छन्। पोस्टरमा बालिकाको कम्मरदेखि माथिसम्मको भाग देखाइएको छ र उनको जिङरिङ कपाल तथा विछिप्त मुद्राबाट फिल्मको रहस्यमय तथा मनोवैज्ञानिक पृष्ठभूमि झल्किन्छ।

स्काइफल पिक्चर्सको ब्यानरमा आगामी २१ गते देखि छायांकन शुरू हुने फिल्ममा रमन ग्रे सह निर्माता रहनेछन्। फिल्म नरेन्द्र मैनालीले खिच्नेछन्।

**UAE मा रोजगार** — **Emirates Security Services LLC**

पुर्व स्वीकृति मितिः २०८२/०२/१९ चलानी नं.: ६०२३८९३३ LT No. 324977

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: AED | मासिक तलब: ने.रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | बार्षिक बिदा | खाना सुबिधा | बस्ने सुबिधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Security Guards | 100 | 0 | काममा दक्ष | 2000 | ७४,०००।- | क. नि. अनुसार | ८ घण्टा | ६ दिन | क. नि. अनुसार | छ | | २ बर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले ब्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले ब्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने /नहुने र कसले ब्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने रकति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. २,३०८।- कामदार आफैले | रु. १,५००।- कामदार आफैले | रु. ७,००।- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०८२ जेष्ठ २७ गते (10 June, 2025) यस प्रा. लि. को कार्यालय बालुवाटार, काठमाडौंमा हुनेछ ।

**कस्तुरी ईन्टरनेशनल सर्भिस प्रा. लि.** श्रम ईजाजत न.: १२८/०५५/०५६

बालुवाटार (शिवपुरी स्कुल अगाडी) काठमाडौं, फोनः ४५४१४५८, ४५३९६४७, Email : kasturi128@hotmail.com

MANJUSHREE FINANCE LIMITED
मञ्जुश्री फाईनान्स लिमिटेड
(नेपाल राष्ट्र बैंकबाट 'ग' वर्गको इजाजतपत्रप्राप्त संस्था)

ॐ कार विल्डिङ्ग (दोस्रो तल्ला) नयाँ बानेश्वर, काठमाण्डौं
फोन नं.: ०१-४७९२५१७, ४७९३१८५-१२०
फ्याक्स : ९७७-१-४७८२५१७
Website: www.manjushreefinance.com
Email: info@ manjushreefinance.com.np

**धितोमा रहेको सम्पत्ति लिलाम बिक्रीका लागि गोप्य शिलबन्दी बोलपत्र आह्वान गरिएको १५ दिने सार्वजनिक सूचना**

**प्रकाशित मितिः २०८२/०२/२०**

यस वित्तिय संस्थाको बिराटनगर शाखा कार्यालयबाट तपसिल बमोजिमको चल-अचल सम्पत्ति धितो राखि, कर्जा लिने ऋणीले यस संस्थालाई समय समयमा तिर्न बुझाउनु पर्ने साँवा ब्याज लगायतका वित्तिय संस्थाको लेना रकम नबुझाई कर्जा सम्बन्धी शर्त बन्देजहरु उल्लघंन गर्नु भएको र पटक पटक मौखिक, लिखित, फोन तथा SMS मार्फत तर-ताकेता गर्दा समेत कर्जाको साँवा ब्याज लगायतका रकम चुक्ता भुक्तानी नगर्नु भएकोले यस अघि राष्ट्रिय दैनिक पत्रिकामा ३५ दिने सार्वजनिक सूचना प्रकाशित गर्दा समेत उक्त कर्जा चुक्ता नभएकाले उपरोक्त सम्पूर्ण ऋण कर्जामा धितोमा रहेका तपसिलमा उल्लेखित चल अचल सम्पत्ति लिलामका लागि यो सुचना प्रकाशित गरिएको छ । अतः धितो सुरक्षणमा रहेका तपसिलमा उल्लेखित चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा निज ऋणीले यस वित्तिय संस्थालाई लेखिदिएको लिखत, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ को दफा ५७ तथा प्रचलित ऐन कानुन बमोजिम लिलाम विक्री गरी निज ऋणीबाट धनी वित्तिय संस्थाले असूल गर्न बाँकी रहेको लेना रकम असुल उपर गर्नुपर्ने भएको हुँदा उक्त धितो सुरक्षणमा रहेको चल-अचल सम्पत्ति हाल जे जस्तो अवस्थामा छ, सोही अवस्थामा सकार गरी लिन इच्छुक महानुभावहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समय भित्र आई पुग्ने गरि निम्न शर्तहरुको अधिनमा रहि गोप्य शिलबन्दी बोलपत्र पेश गर्नु हुन आह्वान गरिन्छ। प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरमा १६ औं दिन वा सो दिन विदा परेमा त्यसको लगतै कार्यालय खुलेको दिन दिउँसो ४:३० बजे खोलिने हुँदा उक्त दिन सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि तथा सम्बन्धित ऋणी तथा जमानीकर्तालाई उपस्थित हुन समेत यसै सूचनाद्वारा जानकारी गराईन्छ। तर सम्बन्धित बोलपत्रदाता वा आधिकारिक प्रतिनिधि, सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानी कर्ताको अनुपस्थितिले बोलपत्र खोल्न बाधा पुग्ने छैन । लिलामी कारवाही प्रकृया यस वित्तिय संस्थाको कर्जा निति अनुसार अगाडी बढाईनेछ। साथै शिलबन्दी बोलपत्रको म्यादभित्र सम्बन्धित ऋणी तथा सरोकारवालाले सम्पुर्ण बाँकी बक्यौता कर्जा चुक्ता भुक्तान गरेमा भने बोलपत्र स्वतः रद्द हुनेछ ।

**तपसिल**

| | |
|---|---|
| **१. ऋणीको नाम : जानकी देवी मोची**<br>बाबु : गुलटेन हरीजन<br>पति : छविलाल मोची<br>ना.प्र.नं : ११९९७<br>जारी मिति : २०६५/१२/२०, जि.प्र.का : मोरङ्ग<br>ठेगाना : मोरङ्ग जिल्ला विराटनगर गा.वि.स./उ.म.न.पा वडा नं १६ को परिवर्तीत विराटनगर म.न.पा वडा नं १२ ।<br>**कर्जाको प्रकार : आवाश कर्जा** | **व्यक्तिगत जमानिकर्ता : रामपृत राम मोची**<br>बाबु : छविलाल मोची<br>बाजे : ठीठर मोची<br>ना.प्र.नं : ८७१०७<br>जारी मिति : २०६४/१२/०७, जि.प्र.का : मोरङ्ग<br>ठेगाना : मोरङ्ग जिल्ला विराटनगर गा.वि.स./उ.म.न.पा वडा नं १६ को परिवर्तित विराटनगर म.न.पा वडा नं १२ |
| **व्यक्तिगत जमानिकर्ता : दुर्गा देवी मोची**<br>बाबु : सुवेलाल मोची<br>पति : रामपृत राम मोची<br>ना.प्र.नं : १६६२९<br>जारी मिति : २०६८/१२/०६, जि.प्र.का.: मोरङ्ग<br>ठेगाना : मोरङ्ग जिल्ला विराटनगर गा.वि.स/उ.म.न.पा वडा नं १६ को परिवर्तीत विराटनगर म.न.पा वडा नं १२ । | **व्यक्तिगत जमानिकर्ता : छवी लाल मोची**<br>बाबु : ठीठर मोची<br>बाजे : बैकु मोची<br>ना.प्र.नं : १/२७३४<br>जारी मिति : २०४५/०१/२३, जि.प्र.का. : मोरङ्ग्ग<br>ठेगाना : मोरङ्ग जिल्ला विराटनगर उ.म.न.पा वडा नं १६ को परिवर्तीत विराटनगर म.न.पा वडा नं १२ । |
| **व्यक्तिगत जमानिकर्ता : अनिल कुमार मोची**<br>बाबु : छविलाल मोची<br>बाजे : ठीठर मोची<br>ना.प्र.नं : ८७१०८<br>जारी मिति : २०६४/१२/०७, जि.प्र.का : मोरङ्ग<br>ठेगाना : मोरङ्ग जिल्ला विराटनगर गा.वि.स/उ.म.न.पा वडा नं १६ को परिवर्तीत विराटनगर म.न.पा वडा नं १२ | **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरणः**<br>जानकी देवी मोची को नाममा मा.पो.का. विराटनगर मोरङ्गमा दर्ता कायम रहेको मोरङ्ग जिल्ला, बखरी गा.वि.स./न.पा वडा नं. ४, नक्सा सिट नं. ४क स्थित कि.नं. ५७२४ को क्षेत्रफल ०-०-९-० (१५२.३७ व.मी.) को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत । |
| **२. ऋणीको नाम : भोला लाल श्रेष्ठ**<br>बाबु : राम बहादुर श्रेष्ठ<br>बाजे : श्रीलाल श्रेष्ठ<br>ना.प्र.नं.: ५१९०<br>जारी मिति : २०४९/१२/०१, जि.प्र.का.: मोरङ<br>ठेगानाः मोरङ जिल्ला शि.जहदा गाउँ पञ्चायत वडा नं. ०७।<br>हाल : मोरङ जिल्ला कटहरी गा.पा वडा नं. ०१ ।<br>**कर्जाको प्रकार : सानो सजिलो कर्जा** | **व्यक्तिगत जमानिकर्ता : कोपीला श्रेष्ठ**<br>बाबु : रणध्वज श्रेष्ठ<br>पती : भोला लाल श्रेष्ठ<br>ना.प्र.नं.: व.०५३०५७/२४१<br>जारी मिति : २०६३/१२/११, जि.प्र.का.: मोरङ<br>ठेगाना :मोरङ जिल्ला शि.जहदा गा.वि.स वडा नं. ०७।<br>हाल : मोरङ जिल्ला कटहरी गा.पा वडा नं. ०१ । |
| **व्यक्तिगत जमानिकर्ता : ओम श्रेष्ठ**<br>बाबु : भोला लाल श्रेष्ठ<br>बाजे : राम बहादुर श्रेष्ठ<br>ना.प्र.नं.: ०५-०१-७७-००८९०<br>जारी मिति : २०७७/०५/३१, जि.प्र.का.: मोरङ्ग<br>ठेगाना : मोरङ्ग जिल्ला कटहरी गा.पा वडा नं. ०२ ।<br>हाल : मोरङ्ग जिल्ला कटहरी गा.पा वडा नं. ०१ । | **व्यक्तिगत जमानिकर्ता : केशव श्रेष्ठ**<br>बाबु : भोला लाल श्रेष्ठ<br>बाजे : राम बहादुर श्रेष्ठ<br>ना.प्र.नं.: ०५-०१-७७-००८८९<br>जारी मिति : २०७७/०५/०१, जि.प्र.का.: मोरङ्ग<br>ठेगाना : मोरङ्ग जिल्ला कटहरी गा.पा वडा नं. ०२ ।<br>हाल : मोरङ्ग जिल्ला कटहरी गा.पा वडा नं. ०१ । |
| **धितो सुरक्षणमा रहेको सम्पत्तिको विवरणः**<br>भोला लाल श्रेष्ठ को नाममा मा.पो.का. विराटनगर मोरंगमा दर्ता कायम रहेको मोरंग जिल्ला, कटहरी गा.वि.स./न.पा वडा नं. १, नक्सा सिट नं. १७८०७४५ स्थित कि.नं. ३०२७ को क्षेत्रफल ०-०-०-० (१६९.३० व.मी.) को जग्गा तथा सो ले चर्चेको लिगलगापात समेत । | |

**शर्तहरूः**

१. बोलपत्र फाराम यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरबाट तथा शाखा कार्यालयहरुबाट रु. १००।- तिरी खरिद गर्न सकिनेछ। फोटोकपी गरिएको फाराम मान्य हुने छैन ।

२. प्राप्त बोलपत्र फाराममा कुनै प्राविधिक तथा अन्य समस्या देखिएमा यस वित्तिय संस्थाको निणर्य अन्तिम हुनेछ। शिलबन्दी बोलपत्रबाट उक्त सम्पति लिलाम हुन नसकेमा उक्त सम्पतिको स्वामित्व वित्तिय संस्थाले लिन सक्ने छ।

३. गोप्य शिलबन्दी फाराम यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (सो दिन विदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन) वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरमा कार्यालय समय भित्र प्राप्त भई सक्नु पर्नेछ। प्राप्त बोलपत्रहरु यस वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँवानेश्वरमा उपरोक्त बमोजिम प्राप्त भएको अन्तिम मितिको भोलिपल्ट वा सो दिन बिदा परेमा त्यस लगतै कार्यालय खुलेको दिन खोलिनेछ।

४. यस सम्बन्धमा अन्य कुनै कुरा बुझ्नु परेमा वित्तिय संस्थाको केन्द्रिय कार्यालय नयाँ बानेश्वरमा सम्पर्क राख्न सकिने छ। लिलाम बिक्री सम्बन्धी विस्तृत शर्तहरु बोलपत्र आवेदन फारममा उल्लेख गरिने छ।

**लिलामीका लागि शिलबन्दी बोलपत्र खोलिने स्थानः मञ्जुश्री फाईनान्स लिमिटेड, केन्द्रिय कार्यालय, नयाँ बानेश्वर**
**समय : दिउँसो ४:३० बजे, मितिः २०८२/०३/०४ गते**